# येशूसँगको बाइबल कथा

इनोक जो/सोन्ही किम



# सिफारिस पत्र

हल्लेलुयाह !

नयाँ नियमको कथा पुस्तक ल्याइदिनु भएकोमा प्रभुलाई धन्यवाद ! मिसन फिल्डमा सन्डे स्कूलको लागि शिक्षण सामाग्रीको अपर्याप्तताको बाबजुत हरेक वर्ष ग्रीष्मकालीन बाइबल स्कूलहरूका लागि हामीले पाउने शिक्षण पुस्तिकाबाट बच्चाहरूलाई परमेश्वरको वचन सम्झनको लागि पर्याप्त कथाहरू प्रदान गर्न सकेको छैन, बाल सङ्गतिका शिक्षकहरूलाई बाइबल पदहरू बच्चाहरूलाई सजिलै बुझ्ने बनाउन कठिन समय थियो ।

त्यस पछि, श्री किम्को पुस्तिका "स्वर्गका कथाहरू" हामीलाई आशिषित् उपहार भएको छ । यसका पाठहरू वास्तविक र स्वर्गका दृश्यहरूले भरिएको हुनाले पढ्नलाई मनोरञ्जनले पूर्ण छ ।

बालबालिकाहरू आराधनामा सजिलै ध्यान केन्द्रित गर्ने र प्रभुको राज्यमा जाने कल्पना गर्न सक्ने भएको हुँदा शिक्षकहरू धन्यवादी छन् । यसै बीच नयाँ नियमका कथा पुस्तिका प्रकाशन भइरहेको खबरले हामी हर्षित छौं । म आशा गर्दछु कि यो नयाँ पुस्तिका धेरै ठाउँ र बालबालिकामा पुग्न सकोस् ताकि धेरै साना बालबालिकहरूका आत्मा प्रभु र प्रभुको राज्यमा डोऱ्याइन सकून् ।

- योङ्ही हान, फिलिपाइन लेग्याज्पी मिसिनरी

# बाइबलका कथाहरूको सुरूवात्




बाइबलका कथाहरूको सुरूवात्

प्रकाशन मिति : डिसेम्बर २२.२०१८

प्रकाशक : डोङ्जेइ लि

लेखक : इनोक जो/सोन्ही किम

सम्पादक : इनोक जो

छायाङ्कन : जिन काङ

गीत : डेगोंग हान

मुकुट सृजना : जोङगोक गो /जुनीन लि /इनयोङ ना

खेलकुद : एन्सुक जुङ

अङग्रेजी भाषामा उल्था : हाइनी लि

चाइनिज भाषामा उल्था : घाइल् लिम्

तेलुगु भाषामा उल्था : हायून जो

नेपाली भाषामा उल्था : उपेन्द्र गौतम

# कथाका विषयहरू

१.येशूको जन्म (१)

२.तारालाई पछ्याउँदै जाँदा (९)

३.येशूले बप्तिस्मा लिनुभयो (१७)

४.येशू परीक्षित हुनुभयो (२५)

५.मानिसको जालहारी, पत्रुस (३३)

६.येशूको पहिलो आश्चर्यकर्म (४१)

७.यो आँधी हो, मलाई डर लाग्यो, येशू (४९)

८.बुबा ! म घर फर्कन चाहन्छु (५७)

९.जखायस, मकहाँ तल ओर्लेर आऊ (६५)

१०.बालकहरूलाई मकहाँ आउन देऊ (७३)

११.मरेको लाजरस जीवित पारिएको (८१)

१२.सानी केटी, उठ ! (८९)



# १. येशूको जन्म

(मत्ती १:१८-२५, लूका २:१-७)

गालील गाउँमा सुन्दरी कन्या मरियम बस्ने गर्थिन् ।
तिनले एक जना जवान योसेफसँग आफ्नो भविष्य बिताउँछु भनी मगनी गर्ने निर्णय सम्मको अवस्था भएको थियो ।
सुन्दर विश्वासलाई लिएका मरियम र योसेफले परमेश्वरको प्रेम पाएका थिए ।

एक दिन, प्रभुको स्वर्गदूत गब्रिएल मरियमकहाँ देखा परे ।
मरियमले स्वर्गदूतलाई देखेर डराइन् ।

"मरियम, नडराऊ । म परमेश्वरको सन्देश लिएर आएको स्वर्गदूत हुँ ।"

"स्वर्गदूत, मलाई खोज्दै आउनुको कारण के होला ?"

"मरियम, तिमी अविवाहित भए तापनि पवित्र आत्माद्वारा तिमीले एउटा छोरा जन्माउनेछौ ।"



"हजुर ? कसरी यस्तो काम ममा...।"

"तिमी परमेश्वरको कृपा पाएकी व्यक्ति हौ । त्यसैले छोरा जन्माएपछि उहाँको बोलाउने नाउँ येशू भनी राख्नु ।"

मरियम अति नै आश्चर्यमा परिन् । त्यसैले योसेफकहाँ दौडेर गइन्,

"योसेफ  यो...सेफ ! ! !"
"मरियम ! विस्तारै आऊ, लडिन्छ ।"
"योसफ, स्वर्गदूतले... ओहो सास फुल्दैछ । स्यू....म के गरूँ स्वर्गदूतले आएर मलाई भन्नुभयो
कि मैले पवित्र आत्माद्वारा गर्भवती भएर छोरा जन्माउँछु रे ।"
"साँच्चै हो ? मरियम ! त्यसो भए के गर्ने होला ? यस्तो बिडम्बना किन हामीलाई...। ओहो ! मलाई डर लाग्यो, म त्रसित छु ।"



योसेफले मरियमको कुरा सुनेर उनी सोचमा मग्न भए ।

मरियम विवाह अगाडि नै गर्भवती भएको कुरा अरू मानिसले थाहा पाएमा उनीमाथी अपमान हुने डरले मरियमलाई पनि लाज नहोस् भनी गुप्तमा मगनी तोड्ने विचार योसेफले गरेका थिए ।

त्यसपछि उनको सपनामा परमेश्वरका स्वर्गदूत देखा परेर भने,

"योसेफ ! प्रिय योसेफ ! मेरो कुरा होशियारसाथ सुन !"
"ए, हजुर ! स्वर्गदूत ! भन्नुहोस् ।"

"मरियमलाई आफ्नी पत्नीको रूपमा लिन नडराऊ । मरियम पवित्र आत्माबाट गर्भवती भएकी हुन् । उनले एउटा छोरा जन्माउनेछिन् तिमीले उहाँको नाउँ येशू भनी राख्नु, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूको पापहरूबाट बचाउनुहुनेछ ।"

"हजुर, हुन्छ, स्वर्गदूत !"





"यी सबै कार्यहरूलाई पहिले नै पूरानो करारमा अगमवक्ताद्वारा भविष्यवाणी गरिएको वचनलाई परमप्रभुले पूरा गर्नको लागि भएको हो,
हेर ! कन्या गर्भवती हुनेछ ! उनले एउटा छोरालाई जन्म दिनेछिन् ! र उहाँको नाउँलाई इम्मानुएल भनिनेछ । भनी यसरी भनिएको थियो ।"

योसेफ आश्चर्य हुँदै सपनाबाट ब्यूँझे ।
तिनले प्रभुको स्वर्गदूतले भनेका कुरा बमोजिम मरियमलाई आफ्नो पत्नी बनाए ।
र उनले येशूलाई स्वागत गर्ने हृदयको तयारी गर्न थाले ।

"परमेश्वर, धन्यवाद । म तपाईंको वचन पालन गर्नेछु ।"

योसेफले मरियमलाई विवाह गरेपछि उनले आफ्नी पत्नीलाई पहिलेको भन्दा पनि अझ राम्रोसँग हेरचाह गरे ।

एक दिन, सरकारले यहूदीहरूको जनसङ्ख्या गणना गर्ने घोषणा गरिरहेको थियो । योसेफ पनि दाउदका वंशका छोरा थिए ।
त्यसैले दाउदको गृहनगर बेथलेहेममा गए । योसेफले गर्भवती पत्नी मरियमलाई पनि सँगै लिएर गए । तिनीहरू बेथलेहेममा आइपुग्ने बित्तिकै मरियमले बच्चा जन्माउने बेला आयो ।

“मरियम, तिमी गर्भवती भएकीले गाह्रो भएको छ है ? म तिम्रो लागि आराम गर्ने ठाउँ खोज्नेछु एक छिन पर्ख है”

लामो समय पछि फर्केर आएका योसेफले निराश हुँदै भने,

“मरियम, मलाई माफ गर, यस ठाउँको सबै पौवाहरूमा मानिसहरूले भरिएको हुनाले मैले कुनै पनि कोठा पाउन सकिनँ ।”
“योसेफ ! चिन्ता नगर्नुहोस्, परमेश्वर हाम्रो साथमा हुनुहुनेछ । आह.........पेट दुख्यो । मलाई लाग्छ बच्चा बाहिर आउँदैछ ।”
“मरियम ! त्यहाँ गोठ खाली भएको म देख्छु, त्यो ठाउँमा भए पनि जाऔं ।

मरियमले गोठमा बच्चालाई जन्म दिइन् र विस्तारै बच्चालाई लुगाले बेरेर डुँडमा राखिन् । अन्तमा, उत्कृष्ट सुन्दर बालक येशू संसारमा जन्मनुभयो ।



“तिनले एउटा बालक जन्माउनेछिन्, तिमीले उनको नाउँ येशू राख्नु किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ ।”
(मत्ती १:२१)



## मेरा प्यारा छोरी र मेरा छोराहरूलाई,

म किन गोठमा जन्मिएको हुँ भन्ने कुरामा तिमीहरूलाई कुनै जिज्ञासा छैन ?
म यो संसार सृष्टि गर्नुहुने सर्वशक्तिमान परमेश्वरको पुत्र हुँ ।
यदि म राजदरबारमा वा धनीको घरमा जन्मिएको थिएँ भने कस्तो हुन्थ्यो होला ?
म गोठमा जन्मनुपर्छ भन्ने कुराचाहिँ खराब पापहरूलाई, यो संसार र जो कसैले पनि समाधान गर्न नसकेको तिमीहरूको पापहरूलाई बोकेर तिमीहरूलाई परमेश्वरको सन्तान बनाउनको लागि थियो ।
त्यसैले चिसो गोठमा नम्र व्यक्ति भएर जन्मिएको हुँ ।
यो चाहिँ संसारमा भएका सबै मानिसहरूलाई बचाउनको लागि थियो ।
त्यसकारण तिमीहरू पनि नम्र व्यक्ति भएर 'आफ्नो छिमेकीलाई प्रेम गर' भन्ने मेरो आज्ञालाई राम्रोसँग पालन गर्‍यौ भने असल हुनेछ ।
म तिमीलाई माया गर्छु ।

-तिमीहरूलाई माया गर्ने येशू-





## मेरो प्रिय येशूलाई

येशू / मेरो प्यारो येशू / तपाईंलाई जन्मदिनको शुभकामना - तपाईंलाई जन्मदिनको शुभकामना !
आज येशू जन्मनुभएको यो ख्रिष्टमस हो । ♬♪
येशूको जन्मदिनमा शुभकामना दिनको लागि अति उत्तम पोशाक लगाएर प्रशंसाका भजनहरू र नाटकहरू तयार गरेका छौं ।
यो धेरै रमाइलो छ । सुत्ने समय भएता पनि अलिकति पनि निद्राले झुलेका छैनौं ।
हामी तपाईंको जन्मदिनको तयारी गर्न र उत्सव मनाउन थाकेका छैनौं ।
येशू  फेरि एक पटक तपाईंलाई जन्मदिनको शुभकामना ! म तपाईंलाई आकास र जमिन जत्तिकै माया गर्छु ।

-येशूलाई माया गर्ने म-

# २. तारालाई पछ्याउँदै

(मत्ती २:१-१२)

हेरोद राजाको शासनकालमा यहूदाको बेथलेहेममा येशू जन्मनुभएको थियो ।
त्यति बेला पूर्व दिशादेखि ताराको अध्ययन गर्ने ज्ञानी मानिसहरू यरूशलेममा आइपुगेका थिए ।

“यहूदीहरूका राजा भएर जन्मनुहुनेलाई खोज्दैछौं । उहाँ कहाँ हुनुहुन्छ ?”
“हामी पूर्व दिशाबाट आएका ज्ञानी मानिसहरू हौं, उहाँको तारालाई हेरेर उहाँलाई आराधना चढाउन आएका हौं ।”

ज्ञानी मानिसहरूले जुन भनिरहेका कुरा थिए ती कुरा मानिसहरूले बुझ्न सकेनन् ।

“यहूदीहरूका राजा यरूशलेममा जन्मियो रे ।”





पूरै यरूशलेममा पूर्वका ज्ञानी मानिसहरूको भनाई छोटो समयमा फैलियो ।

यरूशलेम कोलाहल भयो ।

हेरोद राजाले पनि यो कुरा सुने ।

यस विषयमा कुरा गर्न उनले सबै महत्वपूर्ण व्यक्ति र अगुवाहरूलाई भेला गरेर सोधे ।

**“मसिह कहाँ जन्मनुभएको छ ?”**

“यो यहूदाको बेथलेहेममा हो, एक अगमवक्ताले लेखेको भविष्यवाणीमा यसरी लेखिएको छ : यहूदाको भूमि बेथलेहेममा एक शासकको जन्म हुनेछ, जो इस्राएलका मानिसहरूको गोठालो हुनुहुनेछ ।”

यहूदीहरूका राजाको जन्म भएको सुनेपछि राजा हेरोद सिंहासन गुम्छ कि भन्ने डरले निराश भए । उनले ती पूर्वका ज्ञानी मानिसहरूलाई गुप्तमा बोलाएर विस्तृत रूपमा थप सुन्न चाहे ।

“तारा कहिले देखियो ?”

“तारा देख्ने बित्तिकै हामीले यात्रा सुरू गऱ्यौं, हामी भर्खरै पूर्वबाट आइपुगेका छौं ।”

“यसो पो हो ? त्यसो हो भने त्यो कहाँ हो ?”

“यो बेथलेहेममा हो ।”

“त्यसो हो भने तिमीहरू बेथलेममा जाऊ र बालकको विषयमा सबै कुरा पत्ता लगाऊ । जति सक्दो चाँडो गरी बालकलाई भेटेपछि मलाई खबर गर्नु, म पनि उहाँको जन्मोत्सव मनाउनेछु ।”

राजा हेरोदले उनीहरूसँग झूटो बोलेको कुरा थाहा नपाएर पूर्वका ज्ञानीहरू बेथलेहेमतिर लागे । पूर्वमा देखा परेको तारा तिनीहरूको लागि फेरि आकासमा देखा पऱ्यो ।

“ओहो ! त्यो तारालाई हेर, हामीले देखेको र पछ्याएको तारा त्यही हो । यसले हामीलाई बाटो देखाइरहेको छ ।”

“साँच्चै ! त्यही तारा हो । फेरि देखा पऱ्यो त ! अब हामीले त्यसलाई मात्र पछ्याउँदा हुने रहेछ ।”

“साथीहरू हो ! त्यो तारा रोकियो ! मलाई लाग्छ, यो ठाउँमा नै नवजात बालक हुनुपर्छ ।”

“ओहो ! यही ठाउँ पो हो रहेछ । यो ठाउँमा इस्राएलीहरूको उद्धार गर्ने मुक्तिदाता बसेका छन् ।”

उनीहरू तारा अडिएको ठाउँमा पुगेर गोठ भित्र पसे । त्यहाँ बालक येशू हुनुहुन्थ्यो । मरियम र योसेफ अनौठो आगन्तुकहरूलाई देखेर छक्क परे ।





“तपाईंहरू कसरी यो ठाउँसम्म आइपुग्नुभयो ?”

“यहूदीको राजा जन्मनुभएको छ भनी जानकारी दिने एउटा ठूलो चम्किलो ताराले हामीलाई यो ठाउँसम्म डोऱ्याएर ल्यायो, हामीले त्यस तारालाई पछ्याउँदै बेथहेलेमसम्म आइपुग्न सक्यौं ।”

तीन जना पूर्वका ज्ञानीहरूले शिर झुकाएर बालक येशूलाई दण्डवत् गरी आराधना गरे ।

“जन्मदिनको शुभकामना बालक येशू !”

त्यसपछि उनीहरूले उपहारको बाकस उहाँलाई दिनको लागि खोले,

“यी हामीले चढाउने उपहारहरू हुन् । सुन, धूप र मूर्र हुन् कृपया स्वीकार गर्नुहोस् ।”



बालक येशूलाई भेटेपछि परमेश्वरले ज्योतिषीहरूलाई भन्नुभयो,

## “हेरोदलाई भेट्न फर्केर नजानू, किनभने हेरोदले बालक येशूलाई मार्नको लागि केही नराम्रो योजना बनाइरहेको छ ।”

पूर्वका ज्ञानी ज्योतिषीहरूलाई परमेश्वरले भन्नुभएझैं अर्कै बाटो भएर आफ्नो देशमा फर्के ।

“ए बेथलेहेम, यहूदा मुलुकको गाउँ तँ कुनै किसिमले यहूदाका शासकहरूका बीचमा कुनै भन्दा पनि तुच्छ छैनस् किनकि तँबाट एकजना शासक निस्किआउनेछन् जसले मेरा मानिस, इस्राएलको हेरचाह गर्नेछन् ।”
(मत्ती २:६)



# मेरा प्यारा छोरा र छोरीहरूलाई

पूर्वका ज्ञानी ज्योतिषीहरूले तारालाई पछ्याएर भेटे तापनि, परमेश्वरले तिमीहरूलाई सुसमाचार मार्फत् परमेश्वरको पुत्र, मलाई भेट्न दिनुभयो ।

साथीले सुसमाचार प्रचार गरेर मलाई भेट्टाउने बनाए भने त्यो साथी तिम्रो लागि पूर्वको ज्ञानी ज्योतिषी मानिस बन्छ ।

मलाई विश्वास नगरेका परिवार, साथी, छिमेकीहरूका लागि तिमीहरू ज्ञानी मानिस बन्न चाहँदैनौ त ?

उपहारहरूलाई सम्पूर्ण हृदयले तयारी गरेर तारालाई पछ्याएका ती ज्ञानी मानिसहरू जस्तै प्रचार गरौं, जुन पृथ्वीमा सबैभन्दा बहुमूल्य उपहार भएको सुसमाचारलाई उपहारको स्वरूपमा दिऔं । जसद्वारा परमेश्वर धेरै खुशी हुनुहुनेछ ।

म माया गर्छु मेरा छोरा छोरीहरू

-तिमीहरूलाई माया गर्ने येशू -







## प्रिय येशू,

येशूको वचन जस्तै म पनि पूर्वका ज्ञानी मानिस बन्नेछु ।
त्यसो भए के म चौथो पूर्वका ज्ञानी मानिस हुँदैछु त ? ह ह
आज मेरो डायरीमा सर्वप्रथम मैले सुसमाचार प्रचार गर्न चाहने मानिसहरूको नाम लेख्नेछु,
र त्यसपछि म उनीहरूको लागि प्रार्थना गरेर येशूको बारेमा तिनीहरूलाई बताउनेछु,
म उनीहरूका लागि चौथो पूर्वका ज्ञानी मानिस बन्न चाहन्छु ।
लौ, अब तारालाई पछ्याउँदै यात्रा गर्छु !
येशू म तपाईंलाई माया गर्छु !

-येशूलाई माया गर्ने म-

# ३. येशूले बप्तिस्मा लिनुभयो

(मत्ती ३:१-१२, मर्कूस १:१-११, लूका ३:१-२२, यूहन्ना १:१९-२८)

यहूदाको मरूभूमिमा एकजना अनौठो मानिस थियो ।

उनको लुगा ऊँटको रौँले बनेको थियो, र कम्मरमा छालाको पटुका बाँधेका थिए ।

खानाको लागि उसले सलह र जङ्गली मह खान्थे ।

उनी सबै कुरामा अनौठो देखिन्थ्ये, र कसैले पनि उसलाई औंला उठाउने प्रयास गर्दैनथ्यो ।

मानिसहरू पनि उनीकहाँ आएर आफ्नो पाप बताउँथे र उनीबाट बप्तिस्मा लिन चाहन्थे ।

**उनको नाम बप्तिस्मा दिने यूहन्ना थियो ।**

तिनी यहूदाको मरूभूमिमा गएर ठूलो स्वरमा कराउँदै हिँडे ।




"पश्चात्ताप गर ! स्वर्गको राज्य नजीक आएको छ !"

यरूशलेम र यहूदियाको यर्दन नदी वरिपरिबाट धेरै मानिसहरू बप्तिस्मा दिने यूहन्नाकहाँ आए । र यर्दन नदीमा बप्तिस्मा लिए ।

बप्तिस्मा लिनु अघि मानिसहरूले बप्तिस्मा दिने यूहन्नाको अगाडि घोप्टो परेर खराब कामहरू स्वीकार गर्दै पश्चात्ताप गरेर बप्तिस्मा लिए ।

यूहन्नाले पनि मानिसहरूलाई आफ्ना पापहरू स्वीकार गर्न र परमेश्वरबाट क्षमा पाउन मद्दत गरे ।



एक दिन, येशू गालीलबाट यर्दन नदीमा यूहन्नाकहाँ बप्तिस्मा लिन आउनुभयो ।

“यूहन्ना ! मलाई पनि बप्तिस्मा देऊ ।”

यूहन्ना अति नै छक्क परेर येशूलाई रोक्न खोजे र भने,

“होइन, येशू ! यो हुनै सक्दैन । यो सम्भव छैन । मैले पो तपाईंबाट बप्तिस्मा लिनु आवश्यक छ त ।
येशू ! म जस्तो मानिसले कसरी तपाईंलाई बप्तिस्मा दिन सक्छु ?
म तपाईंको जुत्ताको फित्ता खोल्ने योग्य नभएको मानिस हुँ ।”



येशूले यूहन्नालाई हेर्दै भन्नुभयो,

“यूहन्ना ! अहिलेलाई म जे भन्छु त्यही गर । यो काम परमेश्वरको प्रतिज्ञालाई पूरा गर्नको निम्ति हो, चिन्तित नभई मलाई बप्तिस्मा देऊ ।”

“...हुन्छ, येशूज्यू, त्यसै गर्नेछु ।”

तब यूहन्ना आफैले येशूलाई बप्तिस्मा दिन पाउँदा अति नै धन्यवादी भए ।

यूहन्नाले आनन्दित हृदयकासाथ येशूलाई बप्तिस्मा दिए ।



येशूले बप्तिस्मा लिएर पानीबाट बाहिर आउँदै हुनुहन्थ्यो,
यर्दन नदी वरपर भेला भएका मानिसहरू एउटा अचम्मको कुरा देखेर छक्क परेका थिए ।
"उ त्यहाँ हेर त ! आकाश खुलेर परमेश्‍वरको पवित्र आत्मा ढुकुरझैं ओर्लिएर येशूकहाँ बस्नुभयो ।"
यति मात्रै होइन,
स्वर्गबाट अवाज पनि आएको थियो ।
"यिनी मेरो प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु ।"
येशूलाई बप्तिस्मा दिएपछि यूहन्नाले यसो भनेर प्रचार गर्न थाले,
"म तिमीहरूलाई पानीले बप्तिस्मा दिन्छु, तर एकजना म भन्दा शक्तिशाली आउनुहुनेछ, जसले मानिसहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेछ भनी मैले भनेको होइन र ?"
उहाँ नै येशू हुनुहुन्छ । मैले उहाँलाई बप्तिस्मा दिँदा पवित्र आत्मा तल आउनुभयो र येशूमा रहनुभयो । येशू नै परमेश्‍वरको पुत्र हुनुहुन्छ ।"

येशूले बप्तिस्मा दिने यूहन्नाद्वारा बप्तिस्मा लिएर मानिसहरूलाई उहाँ साँच्चै परमेश्‍वरको पुत्र हुनुहुन्छ भनी देखाइदिनुभयो ।




## “यिनी मेरा प्रिय पुत्र हुन्”

अनि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनुभयो, अनि स्वर्ग उघ्रियो, र उहाँले परमेश्‍वरको आत्मालाई ढुकुरझैं ओर्लिरहनुभएको र आफूमाथि आउनुभएको देख्नुभयो । तब स्वर्गबाट यो वाणी आयो, “यिनी मेरा प्रिय पुत्र हुन् यिनीसँग म अति प्रसन्‍न छु ।”

(मत्ती ३:१६-१७)





## मेरा प्यारा छोरा र छोरीहरूलाई,

आज अलि गाह्रो भए तापनि तिमीहरूले अनिवार्य बुझ्नै पर्ने कुरा भन्नेछु ।

के तिमीहरूले त्रिएक परमेश्वरको बारेमा सुनेका छौ ? पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा जो एक परमेश्वर हुनुहुन्छ भन्ने कुरा त्रिएक हो !

जब म बप्तिस्मा लिएर पानीबाट बाहिर निस्कँदै गर्दा परमेश्वर आवाजद्वारा, पवित्र आत्मा ढुकुरको रूपमा देखा पर्नुभयो । परमेश्वर, परमेश्वरको पुत्र भएको म येशू, पवित्र आत्मा, त्रिएक परमेश्वर एकै ठाउँमा भएको दृष्य हो । यो कुरा अचम्म लाग्दो छैन त ?

"यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु ।" भनी बोल्नुहुने परमेश्वरको आवाज तिमीहरू सबैको खातिर सुनाइएको थियो । त्यसकारण तिमीहरूले परमेश्वरले पठाइदिनुभएको मलाई (येशूमाथि) विश्वास गऱ्यौ भने तिमीहरू परमेश्वरको सन्तान बन्न सक्छौ । म तिमीहरूलाई माया गर्छु

-तिमीहरूलाई माया गर्ने येशू-

# प्रिय येशू

येशू ! उफ्.. यो बुझ्न धेरै गाह्रो छ । के भन्नुभएको हो एउटा पनि बुझिनँ ।
यो गुणन तालिका कण्ठ गर्नुभन्दा पनि अझ गाह्रो छ ।
त्रिएक परमेश्वर, ‘परमेश्वर, येशू, पवित्र आत्मा एउटै परमेश्वर हुनुहुन्छ’ भन्ने यो कुरालाई जाने मात्र पुग्छ कि ?

मानिसहरूले बप्तिस्मा दिने यूहन्नाबाट बप्तिस्मा लिनु अघि पश्चात्ताप गरे जस्तै हामीले पनि परमेश्वरको छोरा छोरी हुनको लागि पहिले पश्चात्ताप गर्ने कुरा धेरै गाह्रो छैन । पश्चात्ताप गरेपछि हामीलाई परमेश्वरको छोरा छोरी बन्ने अनुग्रह दिनु हुने येशूको प्रेममा धन्यवाद चढाउँछौं । येशू हामी तपाईंलाई माया गर्छौं ।

-येशूलाई प्रेम गर्ने म-



# ४. येशू परीक्षित हुनुभयो

(मत्ती ४:१-११, मर्कूस १:१२-१३, लूका ४:१-१३)

तब येशूले बप्तिस्मा दिने यूहन्नाद्वारा बप्तिस्मा लिए पछि पवित्र आत्माले भरिपूर्ण भएर यर्दन नदीबाट फर्कनुभयो । त्यसपछि पवित्र आत्माले येशूलाई उजाड स्थानमा लग्नुभयो र ४० दिन र रातसम्म उपवास बसेर प्रार्थना गर्नुभयो ।

त्यति नै बेला शैतान देखा परेर त्यसले येशूलाई भन्यो, “अहिले तपाईं भोकाएर मर्नै लाग्नुभएको छ हैन ? के तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ ?”

येशूले त्यसलाई जवाफ दिनुभयो, “म परमेश्वरको पुत्र हुँ ।”




"हो र ? यदि तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यस ढुङ्गालाई आज्ञा गर्नुहोस्, र त्यो रोटी बनोस् ।"
येशूले त्यसलाई जवाफ दिनुभयो,

"लेखिएको छ मानिस रोटीले मात्र जीवित रहँदैन तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ ।"

शैतानले येशूलाई केही जवाफ दिन नसकेर मनमनै विचार गऱ्यो ।

हम्..... यसले पनि येशूलाई केही पनि भएन त, ४० दिन उपवास बस्दा त अति नै भोक लाग्नु पर्ने हो त...., कसरी मैले येशूलाई जित्न नसकेको होला ? ठीक छ,....वचनद्वारा तपाईंले मेरो पहिलो परीक्षालाई जित्नुभयो, अब म पनि येशूलाई परमेश्वरको वचनहरूद्वारा दोस्रो परीक्षा गरी हेर्छु । यस पटक म सफल हुनेछु । हा हा हा...."




शैतानले येशूलाई परीक्षा गर्नको निम्ति यरूशलेमको पवित्र मन्दिरमा लिएर गयो ।
र मन्दिरको टुप्पामा राख्यो,


तब शैतानले भन्यो, “यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने यहाँबाट हाम फाल्नुहोस् ! किनभने धर्मशास्त्रमा लेखिएको छ, ‘उहाँले तपाईंको रक्षा गर्न आफ्ना स्वर्गदूतहरूलाई आज्ञा गर्नुहुनेछ र तिनीहरूले तपाईंलाई हातहातै थाम्नेछन् नत्रता तपाईंको खुट्टा ढुङ्गामा ठोकिनेछ ।’ यसैले यहाँबाट हाम फाल्नुहोस् !”

येशूले जवाफ दिनुभयो

“लेखिएको छ तैँले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू ।”

परमेश्वरको वचनद्वारा येशूको परीक्षा गरें भने पनि येशूले केही पनि गर्न सक्नुहुनेछैन भनी सोचेको थिएँ, तर दोस्रो पटकको परीक्षामा पनि येशू असफल हुनु भएन ।”





"उफ्....यो गाह्रो छ म के गरूँ ? यदि उसले हामफालेको भए ऊ यहूदीको भीडको नायक मात्र बन्न सक्थ्यो यसमा पनि म असफल भएँ । येशूले यो परीक्षामा परमेश्वरको वचनद्वारा लडेर मलाई जित्नुभयो । लौ अब ! छिट्टो दिमाग लगाएर हेरौं, के गर्दा म उहाँलाई जित्न सक्छु, मैले अन्तिम परीक्षामा जित्नैपर्छ !"

दोस्रो परीक्षामा येशूलाई जित्न नसकेको शैतानले अझ ठूलो परीक्षाको तयारी गरिरहेको थियो ।

तब शैतानले येशूलाई यरूशलेमको पवित्र मन्दिरको टुप्पा भन्दा पनि अझै अग्लो पर्वतमा लिएर गयो । र संसारको सबै राज्य र तिनको वैभव उहाँलाई देखायो, र भन्यो,

“हेर्नोस् येशू ! के तपाईंले यहाँबाट सबै राज्यहरू देख्नुहुन्छ नि ? त्यहाँको महिमा पनि हेर्नोस् । यी सबै राज्यको अधिकार र महिमा म तपाईंलाई दिनेछु ।”

“मलाई संसारका सबै राज्यहरूको अधिकार र महिमा दिने साहस गर्ने तँ को होस् ?”

“यी सबथोक म तपाईंलाई दिनेछु । यो मेरो हो र यो सबै मलाई दिइएको छ, त्यसैले म जसलाई चाहन्छु त्यसलाई दिन सक्छु ।”

शैतानले यसरी भन्यो,

“यता हेर्नोस् येशू ! यदि तपाईंले मलाई घोप्टो परेर दण्डवत् गर्नुभयो भने यी सबै कुरा म तपाईंलाई दिनेछु ।”




येशूले शैतानलाई भन्नुभयो,

“ए शैतान, म बाट टाढा जा ! किनभने लेखिएको छ, तैंले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू र उहाँको मात्र सेवा गर्नू ।”

त्यसपछि शैतानले केही पनि भन्न नसकेर पुच्छर लुकाएर तुरून्तै भाग्यो ।

परीक्षालाई जित्नुहुने येशूकहाँ स्वर्गदूतहरू आएर उहाँको हेरचाह गरे ।

येशूले भन्नुभयो, “लेखिएको छ, तैंले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू ।” (मत्ती ४:७)



# मेरा प्यारा छोरा छोरीहरूलाई,

शैतानले मलाई परीक्षा गरेमा जित्छु भन्ने सोचेको भए तापनि के त्यसले जित्न सक्यो र ?

ऊ डराएर भागे तापनि पूर्ण रूपमा भागेको होइन तर केही समयको लागि मात्र पछि हटेको हो, समय समयमा र हरेक मौकामा उसले मलाई लडाउनको निम्ति नजिक आउन खोजेको थियो ।

त्यस्तै गरी मेरा छोराछोरीहरू, तिमीहरूलाई पनि यस्तै हुन सक्छ ।
तिमीहरूले मलाई विश्वास गरेर विश्वासको जीवनयापन राम्रोसँग गर्दै गर्दा तिमीहरूलाई प्रलोभनमा पारेर आक्रमण गर्न खोज्छ ।
किनभने शैतान मसँग सबैभन्दा धेरै डराउने भएकोले उसले मेरो नजिकका मानिसहरूलाई असफल पार्ने प्रयास गरिरहन्छ ।

तर पनि यदि तिमीहरूले मलाई विश्वास गरेर हरेक दिन प्रार्थना गर्दै वचनमा रहेर जिउँछौ भने त्यहाँ कुनै चिन्ताका समस्या हुने छैनन् । तिम्रो र शैतानको बीचमा बलियो पर्खाल निर्माण गर्दा उसले तिमीलाई कदापि देख्न सक्नेछैन । म तिमीलाई प्रेम गर्छु !

-तिमीहरूलाई धेरै प्रेम गर्ने येशू-





## प्रिय येशू,

येशू ! वास्तवमा शैतानलाई आँखाले देख्न पाए राम्रो हुने थियो ।
सिङ भएको आँखा च्यात्तिएको डरलाग्दो दानव जस्तै शैतान देख्यौं भने राम्रो हुने थियो ?
तर त्यस्तो नभएकोले त्यससँग कसरी लड्ने मलाई थाहा छैन । किनकि हामी त्यसलाई देख्न सक्दैनौं । कहिलेकाहीँ मेरो सबैभन्दा मिल्ने साथी पनि शैतान हुन सक्छ, मेरो प्यारो परिवार पनि शैतान हुन सक्छ र म पनि त्यसद्वारा नियन्त्रित भएर शैतान हुन सक्छु ।
ओहो ! ढुक्कपना छैन ।
तर मलाई एउटा कुरा पक्कै थाहा छ कि म सधैँ सङ्गतिमा गएर, तपाईंको आराधना गरेर, तपाईंलाई प्रार्थना गरेर र तपाईंको वचनलाई एकचोटि पनि नछुटाई सुनेर जिउँदछु भने शैतान मेरो नजिक आउन सक्दैन । सधैँ तपाईं येशूको साथमा हुनेछु । म तपाईंलाई प्रेम गर्छु !
-तपाईंलाई प्रेम गर्ने म-

# ५. मानिसको जालहारी, पत्रुस

(मत्ती ४:१८-२२, मर्कूस १:१५-२०, लूका ५:१-११)

पत्रुस डुङ्गामा चढेर माछा मार्न जाने जालहारी थिए ।

एक दिन, उनी माछा मार्न गालील तालमा गए ।

“माछाहरू मेरो जालमा आऊ ! म मेरो जाल माछाले भरिएको चाहन्छु !”

“ए माछाहरू कहाँ छौ ? मेरो जालभित्र घुम्न आऊ !”

“ओहो... अब घाम पनि लागिसक्यो । मेरो जालमा एउटा पनि माछा परेन के अब म रित्तो टोकरी लिएर फर्कनु ? त्यसो भए आज मैले के खाने होला ?” हुम्...!

“पत्रुसले रातभर जाल हान्यो तर उसले एउटा पनि माछा पक्रन सकेन ।”

उनी दिक्दारी र गाह्रो भएकोले समुद्रको किनारमा डुङ्गा बिसाएर केही समय आराम गर्न लागे ।



त्यसपछि येशू पत्रुसकहाँ आउनुभएर पत्रुसको डुङ्गामा चढ्नुभयो र भन्नुभयो,

“यो डुङ्गालाई किनारबाट अलि टाढा लैजाऊ ।”

त्यसपछि येशू डुङ्गामा बस्नुभयो र किनारमा भेला भएका मानिसहरूलाई सिकाउन थाल्नुभयो । त्यसपछि येशूले पत्रुसलाई भन्नुभयो,

“तालको अलि गहिरो भागमा जाऔं र त्यहाँ जाल हान र माछा पक्र !”



पत्रुस एक सिपालु मछुवा थिए, जसलाई माछा मार्ने क्षेत्रको बारेमा राम्ररी थाहा थियो र आँखा चिम्लेर पनि माछा पक्रन सक्थे । येशूले पत्रुसलाई भन्नुभयो,

“तालको गहिरो क्षेत्रमा जाऊ र जाल हानेर माछा पक्र ।”

तब पत्रुसले भने, “येशू ! मैले रातभरि जाल हानें तर एउटा माछा पनि पक्रिन सकिनँ ।”

“……”

“हुन्छ, येशू ! म तपाईंले भन्नुभएकोले गहिरो ठाउँमा गई हेर्नेछु ।”

येशूले भन्नुभएको वचनलाई पत्रुसले पालना गरेर तालको गहिरो भागमा गएर उनले जाल हाने । केही समयपछि पत्रुसले जाल तानेर निकाले । तर उसको जाल अति नै भारी भयो र उसको आफ्नो शक्तिले एक्लै तान्न सकेन ।



“वाह... अचम्म ! माछा अति नै धेरै भएकोले जाल फाट्नै लागेको छ ।”

पत्रुसले तालको अर्को छेऊमा रहेको डुङ्गाबाट माछा मार्ने आफ्ना साथीहरूसँग जाल तान्न साथीहरूलाई मद्दत मागेर बोलाए ।

“हे, साथीहरू कृपया आउनुहोस्, र मलाई मद्दत गर्नुहोस् ! मेरो जालमा धेरै माछाहरूले भरिएकोले जाल फाट्नै लागेको छ । छिटो आएर माछाहरू नभाग्ने गरिदिनुहोस् ।”

“ओह.. हुन्छ ! तर तपाईंले यति धेरै माछाहरू कसरी पाउनुभयो ? हामीले त केही पनि समातेका छैनौं ।”

पत्रुसको साथीहरू आएर जाल निकाल्न मद्दत गरे । तिनीहरूको दुई वटा डुङ्गा माछाले भरियो ।

“हा हा हा ! यो धेरै भरिएको छ !
मलाई लाग्छ कि यी धेरै माछाहरूको कारण हामी पानीमा डुब्छौं होला ।”



पत्रुस मात्र होइन सँगै भएका मानिसहरूले पनि भर्खरै समातेको माछा देखेर सबै जना छक्क परे ।

उनका सहकर्मी याकूब र यूहन्ना पनि छक्क परे ।

तर पत्रुस यी देखेर छक्क परेको भए तापनि अचानक डराए ।

यो देखेर पत्रुस येशूकहाँ गएर घुँडा टेके र भने,

“येशू मलाई माफ गर्नुहोस्, म एक पापी मानिस हुँ कृपया मलाई छोडिदिनुहोस् ।”

तब येशूले भन्नुभयो, “तिमीले के भन्न खोज्दैछौ पत्रुस ?”

“येशू मैले तपाईंलाई चिन्न सकिनँ, सुरूमा मैले तपाईंलाई विश्वास गरिनँ । त्यसैले कृपया मलाई छोडेर जानुहोस् ।”



तब येशूले पत्रुसलाई भन्नुभयो,

“पत्रुस, नडराऊ, अब देखि तिमीले मानिसहरूलाई पक्रने हुनेछौ ।”

येशूको वचनलाई सुनिरहेका पत्रुस र उनका सहकर्मी याकूब र यूहन्नाले डुङ्गालाई किनारमा लगाएर सबै कुरा छोडेर येशूको पछि लागे ।

येशूले सिमोनलाई भन्नुभयो, “नडराऊ, अब देखि तिमीले मानिसहरूलाई पक्रनेछौ ।”
अनि जब तिनीहरूले आफ्नो डुङ्गा पाखामा ल्याए, तिनीहरूले सबै थोक त्यागेर उहाँको पछि लागे ।
(लूका ५:१०-११)



# मेरा प्यारा छोरा र छोरीहरूलाई,

"गहिरो भागमा जाऊ र आफ्नो जाल हान" भन्ने मेरो भनाईलाई पत्रुसले बुझ्न सकेन। किनकि माछा मार्नेहरूको विचारमा यो माछा पक्रने तरिका थिएन।

तर पत्रुसले मेरो वचनमा भरोसा गरेर मैले भनेको वचनलाई पालन गर्दा यो आश्चर्यकर्मको अनुभव गरे र मेरो चेला बने।

तिमीहरूले पनि पत्रुसको जस्तै आफ्नो विचारहरूलाई छोड्नुपर्छ। र मेरो वचनलाई पछ्याउनु पर्छ।
त्यसपछि मात्र तिमीहरूले मलाई भेट्न सक्छौ र मसँग कुरा पनि गर्न सक्छौ।
उम्... तिमीहरूले मद्वारा गरिएका आश्चर्यकर्महरू पनि देख्नेछौ।

म तिमीहरूलाई धेरै माया गर्छु,
-तिमीहरूलाई माया गर्ने येशू-

# प्रिय येशू,

मेरो प्रिय येशू !
आज्ञापालन भनेको के हो ? यसको अर्थ खोजिहेर्दा 'आज्ञाकारी भएर पछ्याउनु' भन्ने रहेछ।

आहा ! आमाले केही गर्नु भन्नुभएको बेलामा "हुन्छ, आमा" भन्ने होइन त ?

तर मसँग "सक्दिनँ, गर्दिनँ" भन्ने भनाई अझ धेरै छ।

वास्तवमा 'सक्दिनँ' भन्ने भनाई भन्दा बरू
'हुन्छ, ठीक छ' भनी जवाफ दिँदा अझ खुसी हुन्छु।

त्यसैले येशू तपाईंले पनि आज्ञापालन गर भनी भन्नुभएको हो ?

येशू ! म छिमेकीहरूलाई प्रेम गरेर सुसमाचार प्रचार
गर भन्ने तपाईं येशूको वचनलाई पालन गर्नेछु।
म तपाईंलाई प्रेम गर्छु येशू !

-येशूलाई प्रेम गर्ने म-





# ६.येशूको पहिलो आश्चर्यकर्म

(यूहन्ना २:१-११)

येशू ख्रीष्टले मानिसहरूको बीचमा धेरै आश्चर्यकर्महरू गर्नुभयो ।

तीमध्ये पहिलो आश्चर्यकर्म पानीलाई दाखमद्यमा परिणत गरिएको आश्चर्यकर्म थियो ।

येशू पनि विवाहमा सरिक हुनको लागि काना भन्ने नगरमा जानुभयो ।

चेलाहरूले पनि निमन्त्रणा पाएका हुनाले उहाँसँगै गएका थिए । त्यो ठाउँमा येशूकी आमा पनि गएकी थिइन् ।

धेरै मानिसहरू रमाइलो गर्दै खाना खाँदै र पिउँदै विवाह-उत्सव मनाइरहेका थिए ।

त्यही समयमा विवाह भोजको मुखिया आएर मानिसहरूलाई भन्यो,

"दाजु-भाई तथा दिदी-बहिनीहरू, मलाई माफ गर्नुहोस् । हामीले तयार गरेका दाखमद्य सोचे भन्दा छिट्टै नै सिद्धिएको छ । साँच्चै मलाई माफ गर्नुहोस् ।"



भोजको मुखियाले भनेका कुरा येशूकी आमाले सुनेर येशूलाई भनिन्,

"मेरो छोरा, यो घरमा दाखमद्य सिद्धिएको रहेछ ।"
"हे नारी, मैले के गर्नुपर्छ मलाई नभन्नुहोस् । मेरो समय अझसम्म आएको छैन ।"

तर उहाँकी आमाले चाकरहरूलाई भनिन्,

"येशूले भन्नुभए बमोजिम गर ।"



यहूदीहरू घरभित्र पस्नु अघि हात-खुट्टा धुनुपर्छ । यो उनीहरूको चलन थियो ।

त्यसकारण हरेक घर घरमा ढोकाको छेउमा ठूला-ठूला पानीका घ्याम्पाहरू राखेर हात खुट्टा धुन सकियोस् भनी ति घ्याम्पाहरूमा टन्नै पानीले भर्ने गर्थे । त्यो घरमा पनि ढुङ्गाका प्रायः ६ वटा ठूला-ठूला पानीका घ्याम्पाहरू ढोकाको छेउमा राखिएका थिए ।

येशूले तिनीहरूलाई भन्नुभयो, “घ्याम्पाहरू पानीले भर ।”

चाकरहरूले अनौठो मानेर कानेखुसी गर्न थाले ।

“साथीहरू, तिमीहरू के विचार गर्छौ ? यो अति नै अनौठो कुरा होइन ?”

“हो, साँच्चै यो अनौठो कुरा हो, दाखमद्य पो सिद्धिएको हो त, तर बाहिरबाट आउँदा हात खुट्टा धुने पानी पो उहाँले घ्याम्पामा भर्नु भनेर भनेको होइन र ?”



“साथीहरू..... तर पनि येशूकी आमाले येशूले भन्नुभए बमोजिम तिमीहरूले गर भनी भन्नुभएको छ नि त ।”

“साँच्चै, के हामीसँग अर्को विकल्प छ त ? उहाँले भन्नुभए बमोजिम हामी गरौं ।”

जब येशूले भन्नुभए बमोजिम तिनीहरूले घ्याम्पाको मुखसम्मै पानीले भरिदिए, तब येशूले तिनीहरूलाई भन्नुभयो,

“अब अलिकता पानी उघाएर भोजको मुखियाकहाँ लगेर देओ ।”

येशूले अह्राएअनुसार चाकरहरूले गरे ।



तिनीहरूले केही पानी घ्याम्पाबाट उघाएर भोजको मुखियाकहाँ ल्याएर दिए । भोजको मुखियाले त्यो अलिकति लिएर चाखे र दुलहालाई बोलाएर उनको ठूलो प्रशंसा गर्दै भने,

“होइन दुलहाज्यू ! कसरी तिमीले अहिलेसम्म यो असल दाखमद्य राखिछोडेछौ ?

प्रायः हरेक मानिसले पहिला असल दाखमद्य ल्याउँछ अनि मानिसहरूले निकै खाइसकेपछि कमसल दाखमद्य राखिदिन्छ । तिमीले त असल दाखमद्य अहिले सम्म राखिछोडेछौ । साँच्चै तिमी असल व्यक्ति रहेछौ ।”

यो देखेर चाकरहरू अति नै अचम्मित भए ।

“तिमीहरूले पनि स्पष्ट गरी देख्यौ होइन र ? देख्यौ नि ? हामीले उघाएर दिएको पानी पो हो त ।”

“वाह ! के हामीले मुखियाकहाँ लैजाँदै गर्दा पानी दाखमद्यमा परिणत भएको हो त ?”

“हो, त्यो पनि असल दाखमद्यमा परिणत भयो ।”



"वा ! हामीले येशूले भने बमोजिम गरेको साँच्चै असल भयो ।"

"मलाई यो काम गर्न अह्राए तापनि मैले अहिलेसम्म विश्वास गर्न सकिरहेको छैन । मेरो आँखा अगाडि भएको कुराहरू के यो वास्तविक घटना भएकै हो त ?"

"हो, हो ! मेरो अहिलेसम्म पनि छाती ढुकढुक गरिरहेको छ ।"

येशूले विवाह-उत्सवमा पानीलाई दाखमद्यमा परिणत गरी आफ्नो पहिलो आश्चर्यकर्म मानिसहरूलाई देखाइदिनुभयो ।

धेरै मानिसहरूले येशूको दाखमद्यद्वारा खुसीयालीको समय बिताए ।

अनि उहाँमाथि विश्वास गरे ।



"उहाँका चिन्हहरूमध्ये यो पहिलो चिन्ह येशूले गालीलको कानामा गर्नुभयो । यसरी उहाँले आफ्नो महिमा प्रकट गर्नुभयो, अनि उहाँका चेलाहरूले उहाँमाथि विश्वास गरे ।"
(यूहन्ना २:११)

## मेरा प्यारा छोरा र छोरीहरूलाई,

मेरा बालकहरू, तिमीहरू सधैं खुशी भएको म चाहन्छु, त्यसैकारणले मैले धेरै आश्चर्यकर्महरू गरेको हुँ । पहिलो आश्चर्यकर्म गरिएको ठाउँ विवाह-उत्सवको घर हो । त्यो चाहिँ मेरो हृदय हो । किनभने विवाह-उत्सव खुसी र आनन्दले भरिएको ठाउँ हो नि । तिमीहरू पनि त्यसरी नै सधैं खुशी र आनन्दित भएको मैले हेर्न चाहेकोले त्यस ठाउँमा पहिलो आश्चर्यकर्म गरेको हुँ ।

मैले तिमीहरूलाई एउटा ठूलो आश्चर्यकर्म दिएको छु, त्यो अवसर भनेको मलाई विश्वास मात्र गरेमा परमेश्वरको सन्तान बन्न सक्ने योयता दिन्छु भनेको हो । त्यसैले मलाई राम्रोसँग विश्वास गरेर तिमीहरूको परिवार, छिमेकी, साथीहरूलाई पनि सुसमाचार सुनाएको म चाहन्छु ।

म तिमीलाई माया गर्छु

-तिमीहरूलाई माया गर्ने येशू-



# प्रिय येशू,

येशू !

येशू तपाईंले अझ महान आश्चर्यकर्महरू हामीलाई देखाउनुभयो,

त्यो चाहिँ हामीले गरेका हाम्रा पापहरूलाई क्षमा पाउन सकिने आश्चर्यकर्म हो । यस संसारका जुनसुकै मानिसले पनि हामीलाई पापको क्षमा गर्न सक्दैनन् । येशू तपाईंले मात्र क्षमा गर्न सक्नुहुन्छ ।

हामी स्वर्गको प्रजा बन्न सक्ने ठूलो खुसीयालीको निम्ति येशू तपाईंले क्रूस बोकेर हाम्रो पापलाई लिएर जानुभयो ।

येशू तपाईंलाई विश्वास गरेमा मात्र हामीलाई परमेश्वरको सन्तान बन्ने योग्यता दिनुभयो ।

येशू ! तपाईंलाई धेरै धन्यवाद । येशू ! म तपाईंलाई प्रेम गर्छु ।

-येशूलाई प्रेम गर्ने म-



# ७. यो आँधी हो, मलाई डर लाग्यो, येशू

(मत्ती ८:२३-२७, मर्कूस ४:३५-४१, लूका ८:२२:२५)

मानिसहरू येशूलाई नजिकबाट भेट्न चाहन्थे । येशूले आफ्नो शिक्षा समाप्त गर्नुभए तापनि घर नगइकन गोलो घेरा बनाई येशूलाई घेरेर उभिरहेका थिए ।

येशूले उनीहरूलाई घरमा पठाउनको निम्ति आफ्ना चेलाहरूसँग डुङ्गामा चढेर त्यो ठाउँबाट जानुभयो ।

उहाँले भन्नुभयो, “हामी गालील तालको पारिपट्टि जाऔं ।”

सबैजना शान्त तालमा आरामसाथ डुङ्गामा चढेर गइरहेका थिए ।

येशू पनि ठूलो भिडलाई शिक्षा दिएकोले धेरै थकित हुनुभएकोले

डुङ्गाको पछिल्तिर उहाँ एउटा सिरानी लाएर निदाइरहनुभएको थियो ।



त्यति नै बेला, एक्कासी समुद्र रिसाउन थाल्यो र ठूलो आँधी आयो ।

ठूलो आँधी समुद्रमा बौलाहा जस्तै गरी दौडिन थाल्यो । छालहरू माथि उठेर डुङ्गालाई ठक्कर दिइरहेका थिए, र चाँडै नै डुङ्गामा पानी भरिँदै थिए ।

चेलाहरू धेरै आत्तिएर दौडिरहेका थिए, र अति नै डराएका थिए ।

"आ ! डुङ्गामा अझ धेरै पानी भरिँदैछ ।"

"यो डुङ्गा नष्ट होला जस्तै छ !"

"यस्तै भइरह्यो भने हामी डुबेर मर्नेछौं !"

"येशू ! आ, येशू हामीसँगै बस्नुभएको हो नि ।"

"येशू ! येशू !"





येशू अति नै शान्तसँग डुङ्गाको पछाडि सुतिरहनुभएको थियो ।

चेलाहरू येशूकहाँ दौडिँदै गए ।

“येशू, येशू ! तपाईं कसरी अझै सुतिरहनुभएको छ ?”

“डुङ्गा छिट्टै डुब्न लागे जस्तो छ । बचाउनुहोस् ।”

“हे प्रभु, कृपया हामीलाई बचाउनुहोस् ।

येशू कृपया हामीलाई सहायता गर्नुहोस् । हामी मर्न लाग्यौं ।”

चेलाहरूले येशूलाई ब्यूँझाउँदै थिए र हतारसँग चिच्याउँदै थिए ।

तिनीहरूको आवाज सुनेर येशू ब्युँझनुभयो,

र बतास र रिसाएका छालहरूलाई हप्काउनुभयो ।

“तँ बतास, अहिले नै रोकिजा !”

“तँ छाल अहिले नै शान्त हो !”



उत्तिखेरै बौलाहा जस्तै भएको डरलाग्दो आँधी रोकियो,
डुङ्गाभित्र पस्न खोजेका ठूला छालहरू शान्त भए
पल्टिएला जस्तै भएको डुङ्गा अझ उसो हल्लिन छोड्यो ।

येशूले चेलाहरूलाई भन्नुभयो,

“ए अल्पविश्वासी हो, तिमीहरूको विश्वास कहाँ छ ? चु चु”

चेलाहरूले येशूको हप्काई सुनेर झनै डराए,
तर पनि भर्खर येशूले गर्नुभएको आश्चर्यकर्म देखेर तिनीहरू छक्क परेका थिए ।

“वास्तवमा यो मान्छे को हो ?”

“उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ नि त ?”

“होइन, उहाँले बतास र पानीलाई हेरेर आज्ञा गर्नुभयो नि ।”

“ठीक हो, साँच्चै ! आँधीले पनि आज्ञापालन गर्ने उहाँ को हुनुहुन्छ ?”



"यो अचम्म हो, वचनद्वारा रिसाएको छाल र आँधीलाई उहाँले वशमा राख्नुभयो ।"

"ए !  यद्यपि उहाँसँगै हिँडेर धेरै कामहरूलाई देखेर जानेर पनि येशूलाई हामीले वास्तवमै उहाँलाई साँचो विश्वास गर्न सकेका रहेनछौं ।"

"ठीक हो, ठीक हो । त्यसैले गर्दा हामीलाई उहाँले हेरेर तिम्रो विश्वास कहाँ छ भनेर सोध्नुभयो ।"

"अनि तिनीहरूले नजिक आएर उहाँलाई यसो भन्दै ब्यूँझाए, "गुरूज्यू, गुरूज्यू, हामी डुब्न लाग्यौं ।" उहाँले उठेर बतास र प्रचण्ड लहरलाई हकार्नुभयो, र ती थामिए अनि सबै शान्त भयो ।

(लूका ८:२४)



# मेरा प्यारा छोरा र छोरीहरूलाई,

मेरो छोराछोरीहरू, पल्टिन लागेको जस्तै डुङ्गामाथि चेलाहरू त्रसित भएर मतिर दौडेर आउँदै थिए। सुतिरहेको मलाई तिनीहरूले ब्यूँझाएर मद्दत मागे। तिनीहरू मसँग भएकोले कुनै कुरासँग डराउनु पर्दैन थियो, तर तिनीहरू मरिन्छ कि भनी धेरै डराएका थिए।

म मेरा चेलाहरूलाई अति धेरै प्रेम गर्छु, मैले उनीहरूको विश्वास नहुँदा पनि तुरून्तै सहायता गरें।

तिमीहरू पनि बाँचुन्जेलसम्म मकहाँ आएर सहायता गर्नुहोस् भन्ने कामहरू धेरै हुनेछन्।
मकहाँ चाँडो दौडँदै आएर सहायता गर्नुहोस् भनी मलाई ब्यूँझाओ।

त्यसो गर्नको लागि तिमीहरू सधैं मेरो नजीकै बस्नुपर्छ।
दिनदिनै प्रार्थना, प्रशंसा र आराधनाद्वारा मसँगै रहो....। हुन्छ ? म तिमीलाई माया गर्छु!

-तिमीहरूलाई प्रेम गर्ने येशू-



# प्रिय येशू,

आज मैले कथाको पुस्तक पढेको थिएँ । त्यो सूर्य र चन्द्र बनेको दाजु र बहिनीको बारेमा थियो ।

बाघले लखेटिइरहेका दाजु र बहिनीले आकाशबाट तल आउँदै गरेको डोरीमा चढेर आकासमाथि जान लागे । लखेट्दै आएको बाघले कुहिएको डोरीलाई समातेर माथि जाँदै गर्दा खसेर मऱ्यो ।

त्यसैले मैले यस्तो विचार गरें, कि हामीलाई बचाउने डोरी चाहिँ येशूलाई प्रार्थना गरेर, प्रशंसा गरेर, आराधना गर्नु रहेछ र हामीलाई मार्ने डोरी चाहिँ गेम खेलेर साथीहरूसँग झगडा गरेर र झूटो कुरा बोल्नु रहेछ ।

येशू ! येशू तपाईंलाई हामीले समातिरहयौं भने हाम्रो अगाडि रहेका शैतानहरूलाई कुहिएको डोरी खसालिदिनुहुन्छ होइन ? हा हा

येशू म तपाईँलाई प्रेम गर्छु !

-येशूलाई प्रेम गर्ने म-



# ८.बुबा ! म घर फर्कन चाहन्छु ।

(लूका १५:११-३२)



कुनै गाउँमा एक जना ठूलो धनी मानिस बस्ने गर्दथे उनका दुई जना छोरा थिए ।

जेठो छोरा मेहनती र सधैं बुबालाई सहयोग गर्ने र इमान्दार थिए,
तर कान्छा छोरा सधैं खेल्न मन पराउँथे ।

“बुबा ! कृपया यो कान्छा भाईलाई गाली गर्नुहोस् न, ऊ केही काम नगरेर रूखको छाँयामा दिउँसो सुत्ने मात्र गर्छ ।”

“बुबा, बुबा ! मलाई कान्छा भाईदेखि रिस उठेको छ । तपाईंकहाँ काममा जान्छु भनेर साथीको घरमा घुम्न गयो । हेर्नुहोस्, अहिलेसम्म घरमा फर्केको छैन ।”



खेल्न मात्र मन पराउने भाइले दाईको कुरा पनि,
बुबाको कुरा पनि सुन्दैनथ्यो ।

त्यसो गर्दै गर्दा एकदिन, तिनी बुबाकहाँ आए र यसो भने,

“बुबा, मेरो भागमा पर्ने धन-सम्पत्ति अहिले नै तुरून्तै दिनुहोस् ।”

"चु..चु.. यो अपरिपक्व केटा ! वास्तवमा ती धन-सम्पत्तिबाट तिमी के गर्छौ ?"

"बुबा.. मलाई छिटो दिनुहोस् न । म जे-जे गर्न चाहन्छु त्यो गरेर जिउनेछु ।"

चिन्तित भएका बुबाले सम्पत्ति भाग गरेर दुई छोरालाई बाँडिदिए । केही दिनपछि कान्छो छोराले आफ्नो सम्पत्ति कुम्लो पारेर घरबाट निस्केर गयो ।

खल्ती टनाटन भएको कान्छो छोराले खान मन लागेको थोक, सुत्न मन लागेको ठाउँ, घुम्न मन लागेको ठाउँ र जान खोजेका विभिन्न देशहरूमा घुम्दै हिँडेर आफूलाई जे गर्न मन लाग्यो, त्यही गरे ।

"वाह ! घरबाट निस्कन पाउँदा कति रमाइलो ! हा..हा..हा..।"

"लु लु ला ला आहा ! अब मैले गर्न चाहेको सबै कुरा गर्नेछु ।"







तर धेरै लामो समय नहुँदै आफूसँग भएको पैसा सबै खर्च गऱ्यो र केही पनि बाँकी रहेन ।

"होइन ! मैले सबै पैसा खर्च गरिसकें ! कहिले सबै पैसा खर्च गरें त ? अब के गर्ने ? कसरी काम गरेर पैसा कमाउने मलाई केही पनि थाहा छैन । यस्तो कुरा हुन्छ भन्ने थाहा पाएको भए मैले मेरो दाईसँग काम भए पनि त सिक्थें नि....।"

"अँ... मसँग पैसा पनि छैन, यो देशमा अनिकाल परेकोले मानिसहरू साँच्चै कन्जुस र खराब भएका छन् । म कहाँ गएर भात मागेर खाने होला ?"

भोक धेरै लागेको कान्छो छोराले घर घरमा गएर खानेकुरा माग्न थाल्यो ।

"मलाई धेरै भोक लागेको छ, कृपया मलाई भात दिनुहोस् ।"

"ओइ ! भात त म दिन्छु नै तर खेतमा गएर मेरो सुँगुरलाई हेरचाह गर ।"

सुँगुर चराउने कान्छो छोरालाई धेरै भोक लागेको थियो ।

"ओहो...साह्रै भोक पो लाग्यो त, म यो सुँगुरहरूलाई मारेर खान पनि नसकिने...."

"ए सुँगुरहरू ! तिमीहरू त कत्ति राम्रो ! खाने सुत्ने, खाने सुत्ने । अँ... सुँगुरको खाने चारो भए पनि मागेर खानु पर्ला ।"

तर त्यो चारो दिने कोही मानिस पनि थिएन ।

"मेरो हालत किन यस्तो भयो ? हुँ हुँ.... ठीक छ !" मेरो त बुबा हुनुहुन्छ नि । उहाँको घरमा चाकरहरूले धेरै खान पाउँछन् । यदि म मेरो बुबाको घरमा फर्केर गएँ भने पेटभरी मिठो खान पाउँथें ।"

"तर कुन अनुहार लिएर म बुबाकहाँ फर्केर जाऊँ त ? म गएर मलाई तपाईंको चाकर सरह बनाउनुहोस् भनी भन्नुपर्ला ।"



तिनी शक्तिहिन भएर आफ्नो घरमा हिँड्दै थिए, मूल ढोका अघि बुबा ढोकामा उभिरहेका थिए । बुबा छोराकहाँ दौडँदै आए ।

भिखारी जस्तै देखे तापनि त्यसका बुबाले त्यो छोरा हो भनी चिने ।
बुबाले कान्छो छोराको घाँटीमा अँगालो हालेर चुम्बन गरेर आवाज निकाल्दै हाँसे ।

“ए, मेरो छोरा, हु हु... मैले तिमीलाई कति लामो समयदेखि पर्खिरहेको थिएँ थाहा छ ? म हरेक साँझ तिमी आउँछौ कि भनेर मूल ढोकाको अघि आएर तिमीलाई पर्खिरहेको थिएँ । यो सपना त होइन नि ।”

“बुबा, मैले गल्ती गरें । मैले तपाईंको सबै पैसा खर्च गरेर भिखारी जस्तै भएर आएँ । हुँ हुँ !... कृपया मलाई माफ गर्नुहोस्, मलाई तपाईंको चाकर भएर रहन दिनुहोस् र भात मात्र भए तापनि खाने बनाइदिनुहोस् ।”

“चाकर रे ? तिमी त मेरो छोरा हौ । आज अति नै खुशीको दिन हो । मेरो छोरा जो मरेको भनेर मैले सोचेको थिएँ, यो जीवित भएर फर्केर आएको छ । हामी अब उत्सवको तयारी गर्नु पर्छ नि त ।”

बुबा र छोरा आँशुले भिजेका अनुहारमा एक अर्काले हेर्दै गरेर फेरि धेरै बेर रोए ।

आँसु रोक्न नसकेका बुबाले चाकरहरूलाई भने,

“यहाँ हेर ! जीवित भएर फर्की आएको मेरो छोरालाई सबैभन्दा असल लुगा लगाइदिएर औंलामा औँठी र खुट्टामा राम्रो जुत्ता पनि लगाइदेओ । र सबैभन्दा मोटो पशु मार, प्रशस्त भोज तयार गर र हामी खाएर आनन्द मनाऔं ।”

घरमा फर्केर आएको कान्छो छोरा फेरि बुबाको छोरा भएर जिउन थाले ।

“तब तिनले त्यसलाई भने, ‘छोरा, तँ त मसँग सधैंभरि छँदैछस्, अनि मेरो सबै सम्पति तेरै त हो । तर हामीले आनन्द मनाउनु र खुशी हुनु उचित थियो, किनकि यो तेरो भाई मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ ।”(लूका १५:३१-३२)




# मेरा प्यारा छोरा र छोरीहरूलाई,

आजको सबै कथा परमेश्वरको प्रेमको बारेमा हो ।

परमेश्वरको प्रेम पनि कथामा आएको बुबाको प्रेम जस्तै छ । तिमीहरूको परमेश्वरबाट टाढा हुने जीवन भएपनि परमेश्वरले सधैं पर्खिरहनुहुन्छ । बुबाले घर छोडेर जाने छोरालाई सधै पर्खिरहेजस्तै परमेश्वरले पनि त्यसरी नै तिमीहरूलाई एक दिन छिटै फर्किआएर तिमीहरूले उहाँलाई पुकारेर परमेश्वरको बालक भएर जिएको होस् भनी पर्खिरहनुभएको छ ।

यदि तिमी परमेश्वरको बालक भएर जिएका छैनौ भने अहिले नै दुई हात जोडेर प्रार्थना गरौं । त्यसैले बुबा हुनुभएको परमेश्वरकहाँ फर्कने तयारी गरौं, हाम्रो परमेश्वर असल हुनुहुन्छ, उहाँ हाम्रो बुबा हुनुहुन्छ नि त । म तिमीहरूलाई माया गर्छु !

-तिमीहरूलाई माया गर्ने येशू-



# प्रिय येशूलाई

येशू ! के परमेश्वरको प्रेम पनि मेरो बुबाको प्रेम जस्तै हो ?

म सधैं सोच्थें आमाको प्रेम बुबाको प्रेमभन्दा ठूलो हो ।

मैले आमासँग धेरै समय बिताउँछु तर मेरो बुबालाई साँझ कामबाट फर्कनुभएपछि मात्र एकै छिन देख्छु । तर उहाँ हाम्रो परिवारलाई खुशी राख्न व्यस्त हुनुहुँदो रहेछ । उहाँलाई पनि काममा जानुभन्दा मसँग खेल्न धेरै मन पर्ने रहेछ । त्यसैले मेरो आमा र बुबा दुवैले मलाई बराबर माया गर्नुहुन्छ भन्ने बुझें ।

परमेश्वरले भन्दा येशूले मलाई धेरै माया गर्नुहुन्छ भनी विचार गरेको थिएँ तर परमेश्वरको प्रेम र येशूको प्रेम उस्तै प्रकारको ठूलो प्रेम रहेछ भन्ने थाहा पाएँ । त्यसैले परमेश्वर र येशू एउटै व्यक्ति हुनु स्वाभाविक होइन र ?

परमेश्वर म तपाईंलाई प्रेम गर्छु ! येशू म तपाईंलाई प्रेम गर्छु !

-येशूलाई प्रेम गर्ने म-



# ९.जखायस, मकहाँ तल ओर्लेर आऊ

(लूका १९:१-१०)



येशू यरीहोमा प्रवेश गरेर त्यहाँबाट जाँदै हुनुहुन्थ्यो ।

जखायस पनि येशूलाई हेर्न भीडमा गए ।

“कृपया, अलिकति हटिदिनुहोस् न । म पनि येशूलाई हेर्न चाहन्छु ।”

पुड्को जखायसले येशूको नजीक जान मानिसहरूको बीचमा जति उफ्रे पनि उसले अगाडि देख्न सकेन ।

जखायस यहूदीहरूबाट घृणित कर उठाउने व्यक्ति थिए,
त्यसैले मानिसहरूले उनलाई त्यहाँबाट जान दिएनन् ।

“यहाँबाट पर हट तिमी जस्तो पापीले येशूलाई हेर्न योग्यका छैनौ ।”

जखायसले सास फेरे र भीडबाट बाहिर निस्किए ।

“अहँ ! आज जसरी भए पनि येशूलाई हेर्ने साँच्चै इच्छा छ...., म पुड्को भएको हुनाले पछाडिबाट पनि उहाँलाई हेर्न सक्दिनँ र मानिसहरूले मलाई धेरै घृणा गर्ने भएकोले अगाडि जान पनि सक्दिनँ । हुँ...”

तर जखायस हार मानेर त्यत्तिकै घर फर्कन चाहँदैनथ्यो,

“के येशूलाई भेट्ने अर्को कुनै राम्रो तरिका छ त ? येशू ! म तपाईंलाई साँच्चै भेट्न चाहन्छु ।”



त्यसपछि, जखायसको आँखाले बाटोमा एउटा नेभाराको रूख देखे जुन उनको अगाडि उभिएको थियो ।

“ठीक छ ! उ त्यो रूखमा चढ्छु, त्यसपछि म येशूलाई देख्न सक्नेछु । हो, ठीक हो, साँच्चै ! येशू त्यो रूखको छेउबाट भएर जानुहुन्छ ।”

जखायस येशू आउनुभन्दा अगाडि दौडेर नेभाराको रूखमा चढे ।

“वाह ! म येशूलाई देख्न सक्छु ।”

रूखमा भएको जखायसलाई देख्ने मानिसहरू कराए ।

“त्यो रूखबाट तल ओर्लेर आऊ, त्यो खतरनाक छ ।”

“होइन, मैले आज येशू कस्तो व्यक्ति हुनुहुन्छ भनी अनिवार्य रूपमा उहाँलाई हेर्नैं पर्छ ।
यदि म तल ओर्लें भने म पुड्को भएकोले उहाँको अनुहारलाई देख्न सक्दिनँ । र तपाईंहरूले पनि मलाई अगाडि जान दिनुहुन्न । म यहाँबाट येशूलाई राम्रोसँग देख्न सक्छु । म तल ओर्लने छैन ।”

उसले चाहेजस्तै येशू रूखमुनि भएर जाँदैहुनुहुन्थ्यो ।

येशूले आफ्नो पाइला रोक्नुभयो र जखायसलाई हेर्नुभयो ।

“ओहो ! येशूले मलाई हेर्नुभयो । मलाई हेर्ने येशूको आँखाको नानीमा मेरो स्वरूप पूरै भरिएको छ त । पत्याउनै नसकिने.....।”







जखायस यति खुशी थिए कि उसको मुटु छिटो धड्कन थाल्यो ।

उत्तिखेरै येशूले जखायसलाई हेरेर भन्नुभयो,

“जखयास ! चाँडो ओर्लेर आऊ किनभने आज मलाई तिम्रो घरमा बास बस्नु परेको छ ।”

“येश ! के तपाईं साँच्चै म जस्तोको घरमा आउनुहुन्छ ? मानिसहरूले मलाई मन पराउँदैनन् । अहिले पनि तिनीहरू अझै मेरो बारेमा कानेखुशी गर्दैछन् ।
के तपाईं साँच्चै मेरो घरमा आउनुहुन्छ ?

येशू मुस्कुराउनुभयो र टाउको हल्लाउनुभयो ।

जब जखायसले येशूको कुरा सुने, तब तिनले आफू बादलमा उडिरहेको महसुस गरे ।
उ यति उत्साहित थियो कि उसले आफ्नो मुख बन्द गर्न सकेन ।

तिनी तुरून्तै तल ओर्लेर आए र येशूलाई आफ्नो घरमा लिएर गए ।

**"जखायस् ! आज तिम्रो घरमा मुक्ति आएको छ , किनकि तिमी पनि अब्राहामका सन्तान हौ । म हराएकोलाई खोज्न र बचाउन आएको हुँ ।"**

येशूले जखायसको घरमा सुसमाचार सुनाउनुभयो ।

जखायस येशूलाई भेटेर धेरै खुशी भए, आफ्नो सम्पत्तिको आधा भाग गरीब मानिसहरूलाई बाँड्ने वाचा गरे ।

"तब येशूले तिनलाई भन्नुभयो, "आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन् ।
किनभने मानिसका पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो ।"
(लूका १९:९-१०)





## मेरा प्यारा छोरा र छोरीहरूलाई,

मान्छेहरू अरू मानिसको रूप हेरेर मूल्याङ्कन गर्छन् तर म मान्छेको हृदय हेर्छु । जब म त्यो रूखको छेउ हुँदै गएँ । मलाई रूखमा चढ्ने जखायसले इमान्दार हृदयले हेरेको महसुस भयो । मैले रूखमाथि हेरें तब उसको आँखा र मेरो आँखा जुद्धा त्यो आँखाको ज्योति कति मज्जाले चम्किरहेको थियो र मुटु पनि ढुकढुक गर्दै बाहिर निस्केला जस्तै महसुस भएको थियो । हा.. हा.. हा..।

यदि तिमीहरूले पनि आफ्नो सम्पूर्ण हृदयले प्रार्थना गर्‍यौ भने, म पनि तिमीहरूलाई भेट्नेछु ।

मेरो वचन पढ्छौ, मलाई प्रार्थना गर्छौ र आफ्नो सारा हृदयले प्रशंसा गर्छौ भने म तिमीहरूकहाँ झन् छिटो आउँछु भन्ने कुरा तिमीहरूलाई थाहा छ नि होइन ? म तिमीहरूलाई माया गर्छु ।

-तिमीहरूलाई माया गर्ने येशू-

## प्रिय येशूलाई

येशू ! म पनि जखायस काका जस्तै होचो भएकोले म सधैं उचाइमा भएको केही हेर्नको लागि उच्चमा उभिने गर्छु । त्यसैले अगाडि जान खोज्दा साथीहरूले ठाउँ नै छोडिदिँदैनन् र मलाई अगाडि जान पनि दिँदैनन् । त्यसैले जखायस काकाको मन त्यतिबेला कस्तो मन भएको थियो मैले महसुस गरेको छु ।

म जहिले पनि आराधना गर्न जाँदा पहिलो पङ्क्तिमा बस्छु अनि म राम्रोसँग देख्न सक्छु । यदि म पछाडि बस्दा ती अग्ला साथीहरूको बीचमा तपाई येशू स्वात्तै पस्नुभयो र बाहिर निकालिएको मलाई देख्नुभएन भने के हुन्छ होला ? हा..हा..हा..।

“येशू, म तपाईंलाई माया गर्छु, मलाई खोजेर मसँगै रहनुहोस् ।”
प्रेम गर्छु, परमेश्वर ! प्रेम गर्छु, येशू !



# १०.बालकहरूलाई मकहाँ आउन देऊ

(मत्ती १९:१३-१५, मर्कूस १०:१३-१७ लूका १८:१५-१७)



येशूले मानिसहरूलाई स्वर्गको रहस्यहरू बताउँदै हुनुहन्थ्यो ।

मानिसहरूले येशूबाट आशिष् पाउन् भनी आफ्ना साना बालकहरूलाई लिएर आए ।

तर त्यहाँ धेरै मानिसहरू भेला भएकोले येशू बस्नुभएको ठाउँसम्म लैजान सकेका थिएनन् ।

बालकहरूले येशूलाई हेर्न अघि बढे ।

तब चेलाहरूले तिनीहरूलाई हप्काए ।

“बालकहरू तिमीहरू कहाँ जाँदैछौ ? यो ठाउँ तिमीहरूजस्तो बालकहरू आउने ठाउँ होइन, यहाँबाट जाओ गइहाल । ”

“पत्रुस काका ! म येशूलाई हेर्न चाहन्छु नि ! कृपया हामीलाई येशूकहाँ लैजानुहोस् ।”

“ओहो ! बढ्ता कुरा नगर, हुँदैन ! तिमीहरू चुप लागेर बस्न सक्दैनौ ? तिमीहरूका आमाबुबा कहाँ छन् ? अहिले नै आफ्नो आमा बुबाकहाँ जाऊ ।”

“काका बिन्ती ! हामी चुपचाप बस्नेछौं । कृपया हामीलाई येशूको अनुहार मात्र हेर्न दिनुहोस् न ।”

चेलाहरूले बालकहरूलाई लगातार धपाउँदै थिए ।

“अब हामी के गर्ने ? हामीले येशूलाई भेट्नु पर्छ..... तर यो सम्भव देखिँदैन ।
आज हामीले उहाँलाई भेट्न सक्छौं जस्तो लाग्दैन, जाऔं, हामी अर्को समयमा फेरि आउँला ।

बच्चाहरूले हार खाए र तिनीहरू त्यहाँबाट जान लागे ।

त्यसपछि, येशू चेलाहरूकहाँ आउनुभयो र तिनीहरूसँग रिसाएर भन्नुभयो,

“साना बालकहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक ।”

उहाँको कुरा सुन्ने बित्तिकै बच्चाहरूको पाइला रोकियो ।

येशूले चेलाहरूलाई हप्काउनुभएको आवाजमा उहाँले बालकहरूलाई कति ख्याल र माया गर्नुहुन्छ भन्ने कुरा तिनीहरूले महसुस गरे । येशूले फेरि भन्नुभयो,

“परमेश्वरको राज्य यस्तै साना बालकहरूजस्तै मानिसहरूको लागि हो, मेरा बालकहरू, मकहाँ आऊ ।”



बालबालिकाहरू मानिसहरूको बीचबाट भएर येशूकहाँ दौडेर गए ।

“येशू ! येशू !”


“नानी बाबुहरू, तिमीहरू लड्न सक्छौ, विस्तारै-विस्तारै ।”

“येशू ! येशू ! हु..हु...।”

“बालकहरूलाई मकहाँ आउन बाटो देऊ ।”

येशूले बालकहरूलाई उहाँको घुँडामा र उहाँको नजीकै बस्न दिनुभयो ।

बालबालिकाहरू येशूको अनुहारमा आफ्नो अनुहार आमने सामने गरेर कुराकानी गर्न उहाँको नजीकै बसेका थिए । तिनीहरू धेरै खुशी भए ।



येशूले फेरि भन्नुभयो,

“यदि तिमीहरूको मन एउटा बालकको जस्तै भएन भने परमेश्वरको राज्यमा प्रवेश गर्न सक्दैनौ ।”

येशूले स्पष्ट रूपमा भन्नुभयो कि, जसले परमेश्वरको राज्यलाई एउटा बालकले जस्तै स्वीकार गर्दैन, त्यो परमेश्वरको राज्यमा प्रवेश गर्न सक्दैन ।

“येशू, येशू ! तपाईंले भन्नुभएको मतलब हामी जस्तो बालक स्वर्ग जान सक्छ ?”

“अँ... त्यस्तो होइन । साँच्चै, स्वर्ग तिमीहरू जस्तै बालकहरूको लागि हो ।”

“वाह ! कति रमाइलो । हामीहरू जस्तै बालकहरू पनि स्वर्गमा जान सक्छन् भनी येशूले भन्नुभयो । हामी धेरै खुशी छौं ।


येशूले भन्नुभएको कुरा सुनेर बालकहरू धेरै खुशी भए ।

त्यसपछि येशूले बालबालिकाहरूलाई काखमा लिएर तिनीहरूमाथि हात राख्नुभयो र तिनीहरूलाई आशिर्वाद दिनुभयो ।

“साँच्चै म तिमीहरूलाई भन्दछु, जसले परमेश्वरको राज्यलाई एउटा सानो बालकले जस्तो ग्रहण गर्दैन, त्यो कदापि त्यसभित्र पस्नेछैन ।” अनि उहाँले तिनीहरूलाई काखमा लिएर तिनीहरूमाथि आफ्ना हात राखी तिनीहरूलाई आशीर्वाद दिनुभयो ।
(मर्कूस १०:१५-१६)







## मेरा प्यारा छोरा र छोरीहरूलाई,

म तिमीहरूलाई धेरै मन पराउँछु । तिमीहरू धेरै प्यारो, दयालु, सोझा र राम्रा छौ । म जब तिमीहरूलाई हेर्छु, मलाई स्वर्ग हेरिरहेको जस्तो महसुस हुन्छ ।

तिमीले मलाई हेर्दा केही पनि माग्दैनौ र मलाई हेरिरहन्छौ तर ठूलाहरूले मलाई हेरेर पनि वरिपरिका कुराहरू त्याग्न सक्दैनन् ।

तिमीहरूको स्वरूपभित्र स्वर्ग देखिन सकियोस् भनी सधैं मेरो वचन अनुसार जिउने प्रयास गर ।
राम्रो हृदयले मलाई विश्वास गरेर मेरो वचनअनुसार जिउने मेरो सन्तानहरू भयौ भने असल हुनेछ । म तिमीहरूलाई माया गर्छु ।

-तिमीहरूलाई माया गर्ने येशू-

## प्यारो येशू,

येशू ! म धेरै उत्साहित छु । तपाईं म जस्तो बालकको पक्षमा हुनुहुन्छ । स्वर्गको राज्य बालकको हृदय जस्तो हो भन्ने वचन भन्नुभएकोमा म धेरै खुसी भएको छु । म सधैं येशू तपाईंको वचनअनुसार जिउने कोशिश गर्नेछु, ताकि मेरो जीवनमा स्वर्गको चित्र प्रकट भएको होस् । ताकि म "तिमी जस्तो बालक मात्र स्वर्ग जान सक्छ" भनेर येशूले प्रशंसा गर्न योग्यको बालक बन्न सकूँ । येशू ! म तपाईंलाई प्रेम गर्छु ।

-येशूलाई प्रेम गर्ने म-



# ११.मरेको लाजरस जीवित पारिएको ।

(यूहन्ना ११:२५-२६)

येशूले मानिसहरूलाई प्रचार गर्दै हुनुहुन्थ्यो ।

कुनै एक व्यक्ति हाम फाल्दै आए र येशूसँग बातचित गरे ।

“येशू ! म भर्खरै बेथानियाबाट आइपुगें । तपाईंले माया गर्ने लाजरस जो मरियम र मार्थाको भाई हो, धेरै बिरामी छ र मर्नै लागेको छ । येशूलाई गएर भनिदिनु भनी मलाई पठाएका हुन् ।”

“जाऊ र तिनीहरूलाई भन ! यो रोगले मृत्युमा लाँदैन, यो त परमेश्वरको महिमाको लागि हो । यसैद्वारा परमेश्वरको पुत्र महिमित हुनेछ ।”

येशू त्यहाँ अझै दुई दिन बसेपछि लाजरसकहाँ जानुभयो ।

जब उहाँ बेथानियामा आइपुग्नुभयो, त्यति बेला लाजरस मरेर गाडेको पनि चार दिन भैसकेको थियो । येशू आउनुभयो भन्ने सुनेपछि मार्था कुदेर येशूकहाँ गइन् ।

“येशू ! हुँ हुँ....., तपाईं किन यति बेला आउनुभयो ? यदि तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाई मर्ने थिएन । ऊ मरिसक्यो ...... येशू ! कृपया केही भन्नुहोस् । म विश्वास गर्छु कि यदि तपाईंले अझै केही माग्नुभयो भने परमेश्वरले जे पनि तपाईंलाई दिनुहुन्छ ।”

“मार्था ! तिम्रो भाई फेरि जीवित हुनेछ ।”

“येशू ! मलाई पनि थाहा छ । अन्तिम पुनरूत्थानको दिनमा मेरो भाई फेरि जीवित भएर उठ्नेछ ।”

"प्रिय मार्था ! मलाई ध्यान दिएर सुन । पुनरूत्थान र जीवन म नै हुँ । यदि तिमी मलाई विश्वास गर्छ्यौ भने, मऱ्यो भने पनि बाँच्नेछ ! र यदि कोही विश्वास गरेर जिउँछ भने ऊ कहिल्यै मर्ने छैन । के यो तिमी विश्वास गर्छ्यौ ?"

"हो, हो, अवश्य ! म विश्वास गर्छु, तपाईं ख्रीष्ट हुनुहुन्छ, परमेश्वरको पुत्र, जो संसारमा आउनुभयो ।"

"हो, मार्था ! त्यो सहि हो । जे होस्, मरियम तिमीसँग किन आइनन् ? जाऊ र भनिदेऊ कि म उनलाई खोज्दैछु ।"

मार्था घर गइन् र विस्तारै मरियमलाई बोलाइन्

"मरियम ! येशूले तिमीलाई खोज्दै हुनुहुन्छ ।"

"हँ ? येशू ? अहिले उहाँ कहाँ हुनुहुन्छ ?"



मरियम येशूकहाँ कुदेर गइन् ।

“येशू । हुँ हुँ.... तपाईंले माया गर्नुहुने मेरो भाई मरेको छ । प्रभु ! तपाईं यहाँ हुनुभएको भए, ऊ मर्ने थिएन । हुँ हुँ.....।”

“मरियम .....! अब नरोऊ । तिम्रो भाईलाई कहाँ गाडिएको छ ?”

लाजरसको चिहान अगाडि मरियम रोइरहेकी थिइन् र मरियमसँगै आएका शहरका अरू मानिसहरू पनि उनीसँगै रूँदै थिए र त्यसै गरी येशू पनि रूनुभयो । चिहानको द्वार ढुङ्गाले ढाकेको थियो । येशूले आज्ञा गर्नुभयो,

“ढुङ्गालाई हटाओ ।”



अनि मार्थाले येशूलाई भनिन् ।

“येशू ! मेरो भाई मरेको त चार दिन भइसक्यो ! यो त गन्हाउन पनि थालिसक्यो होला ।”

“मार्था ! यदि केबल विश्वास मात्र गऱ्यौ भने तिमीले परमेश्वरको महिमा देख्नेछ्यौ भनेर मैले भनेको थिइनँ र ? के तिमीले अघि नै बिर्सिदियौ ?

मार्था र मरियमले मानिसहरूसँगै मिलेर ढुङ्गा हटाए ।
अनि येशू ठूलो स्वरले कराएर भन्नुभयो,

“लाजरस, बाहिर आऊ”

त्यसपछि, चिहानबाट पाइला चालेको आवाज सुनियो, र मरेको लाजरस हिँडेर बाहिर आयो ।



“शरीरमा बाँधिएका पट्टी र कपडाहरू खोलिदेऊ, र उसको इच्छा अनुसार जान देऊ ।”


मरियम र उनको भाई लाजरस आँखा हेराहेर गर्छन् ।

“हल्लेलूयाह, येशू ! मेरो मरेको भाई जीवित भएको छ ।”

येशूले मरियमलाई हेर्नुभयो र चम्किलो गरी मुस्कुराउनुभयो ।

लाजरस फेरि जीवित भएको देखेर धेरै मानिसहरूले येशूलाई विश्वास गरे ।

येशूले तिनलाई भन्नुभयो “पुनरूत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ । अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन । के तिमी यो विश्वास गर्छ्यौ ?”
(यूहन्ना ११:२५-२६)



## मेरा प्यारा छोरा र छोरीहरूलाई,


के तिमीले लाजरसको कथालाई विश्वास गर्छौ, जो फेरि जीवित भयो ?
मैले मरेको लाजरसलाई बचाएँ र बिरामी मानिसहरूलाई पनि निको पारेँ ।
म तिमीहरूको लागि सबै कुरा गर्नेछु, मेरा सन्तानहरू हो ।
केवल तिमीले मलाई विश्वास र प्रार्थना गर्नुपर्छ ।

“येशू, मेरो प्रार्थना सुन्नुहोस् । र म तपाईंलाई भेट्न चाहन्छु ।”

म पनि तिमीहरूले यस प्रकारले प्रार्थना गर्नेछौ भनी पर्खिरहेको छु ।

म तिमीलाई माया गर्छु !

-तिमीहरूलाई माया गर्ने येशू-





## प्यारो येशू,

येशू ! तपाईंले मरेको लाजरसलाई जीवित पार्नुभयो ।

म तपाईंले 'लाजरस ! भनेर बोलाउनु भएको आवाज सुनेको महसुस गर्छु ।
कृपया जब म प्रार्थना गर्छु । येशू ! मलाई पनि यसरी नै नामद्वारा बोलाउनुहोस् ।

तपाईंको प्रेमपूर्ण आवाज सुन्ने आशा राखेर म प्रार्थना गर्नेछु ।
मेरो प्रार्थनाको उत्तर नआएसम्म, म प्रार्थना गरिरहनेछु ।

म तपाईंलाई प्रेम गर्छु येशू !

-येशूलाई प्रेम गर्ने म-

# १२. सानी केटी, उठ !

मत्ती ९:१८-२६, मर्कूस ५:३५-४३, लूका ८:४०-५६)

येशू समुद्रको पारिपट्टि गेरासेनसको मुलुकमा बस्दै गर्नुभएको थियो, उहाँ डुङ्गामा चढेर पारिपट्टि अर्को छेऊमा जानुभयो ।
समुद्रको किनारमा पहिले नै मानिसहरू भेला भइसकेका थिए ।
त्यसैले येशू त्यहीँ बस्नुभयो ।

त्यसपछि सभाघरको शासक याइरस आएर येशूको पाउमा घोप्टो परे
“येशू ! हुँ .... हुँ......”

“के कारणले तिमी दु:खित भएर रूँदैछौ ? छिटो मलाई भन”
“प्रभु ! मेरो बाह्र बर्षकी छोरी छिन् जो अहिले बिमारले मर्नै लागेकी छिन् ।
कृपया आउनुहोस् र मेरो छोरीलाई बचाउनुहोस् ।”

“हो र ? ठीक छ, तिम्री छोरीकहाँ जाऔं ।”



येशू सभाघरका शासक याइरससँग पाइला चाल्न थाल्नुभयो, तब ठूलो भीड येशूको पछि लाग्यो ।

निकै बेर हिँडेपछि याइरसको घरबाट केही मानिसहरू आए र भने ।

“याइरस ! तिम्री छोरी मरिसकेकी छिन् । त्यसैले अब, येशूलाई दुःख नदिनुहोस् ।”

“के भन्यौ ? मेरी छोरी.... येशू ! म के गरूँ ?”

जब येशूले त्यो कुरा सुन्नुभयो तब उहाँले ढाडस दिएर भन्नुभयो,

“याइरस, नडराऊ । तर केवल विश्वास मात्र गर ।”



येशूले भन्नुभयो,

“पत्रुस, याकूब र याकूबका भाई यूहन्ना मात्र मेरो पछि आउनेछन् । अनि अरूहरू चाहिँ फर्कनेछौ ।”

येशू तिनीहरूसँगै याइरसको घरमा प्रवेश गर्नुभयो ।

कोलाहलको बीचमा मानिसहरू रूँदै र विलाप गर्दै थिए ।

“बिचरी ठिटी.... ऊ अझै सानै थिई...... चु चु.........।”

“आखिर, उनी मरिसकेकि छिन् । सन्तानलाई पहिले पठाएर कसरी बाँच्छन् होला उनीहरू अब ।”

घरभित्र आउनुभएको येशूले भन्नुभयो,

“तिमीहरू किन रून्छौ र कराउँछौ ?
सानी ठिटी मरेकी छैन, तर सुतेकी छे ।”

“येशू ! मेरी छोरी मरिसकेकी रहेछिन् । उनीले सास फेर्न छोडिसकेकी छिन् ।”

“ओ.... छोरी छोरी.... मेरी बच्ची । हे प्रभु ! अब म मेरो प्यारी छोरीलाई देख्न सक्दिनँ.... म उनलाई छुन पनि सक्दिनँ, म उनीसँग कुरा गर्न पनि सक्दिनँ र म उनले बुबा भनेर बोलाएको आवाज पनि सुन्न सक्दिनँ ।.... हुँ हुँ”

“याइरस, अब दु:खित नहोऊ, तिम्री छोरी मरेकी छैन तर सुतेकी छे ।”

“सुतेकी छे” भन्ने येशूको भनाई सुन्ने मानिसहरूले येशूको कुरामा हाँसे ।



येशू आफ्ना चेलाहरू र केटीका आमाबाबुसँग केटी भएको कोठामा प्रवेश गर्नुभयो । येशूले केटीको हात समातेर भन्नुभयो ।

“तालिता कूमी”

जसको अर्थ, ‘सानी केटी, म तिमीलाई भन्छु । उठ !’

त्यसपछि केटी उठी र हिँड्न थाली । जब मानिसहरूले यो देखे तिनीहरू छक्क परे ।

“येशू ! साँच्चै मेरी छोरी जीवित भइन् । यो भर्खरै निद्राबाट बिउँझिएकी बच्चा जस्तै छे । हे प्रभु । धन्यवाद । धेरै धेरै धन्यवाद ।”

ओच्छ्यानबाट उठेर यताउती हिँडिरहेकी केटीलाई देखेर येशू खुसी हुनुभयो ।



“केटीलाई केही खानेकुरा दिनुहोस्”

“वाह ! खाना खाँदै गरेकी देख्दा भुत त होइन रहेछ नि । केटी साँच्चै जीवित भएकी छिन् । मेरो आँखा अगाडि एउटा चमत्कार भयो !”

येशूले यो कुरा कसैलाई नभन्नु भनी कडा आज्ञा दिनुभयो । तर पनि मानिसहरूले आफूले भेटेका सबैलाई येशूले केटीलाई बचाउनुभएको कथा नभनी बस्न सकेनन् ।

उहाँले हात समातेर त्यसलाई भन्नुभयो, “तालिता कूमी !”
जसको अर्थ “सानी केटी, म तिमीलाई भन्छु, उठ !” (मर्कूस ५:४१)



## मेरा प्यारा छोरा र छोरीहरूलाई,

म याइरसकी छोरीलाई धेरै माया गर्थें, त्यसैले मैले तिनलाई मृत्युबाट बचाएँ । तिनलाई माया गर्नुभएझैँ परमेश्वरले पनि तिमीहरूलाई गरेको अति धेरै माया चाहिँ मर्नु पर्ने पापी तिमीहरूलाई बचाउनु भएको छ । म परमेश्वरको पुत्रलाई तिमीहरूकहाँ तिम्रो पाप बोक्न र बचाउन उहाँले पठाउनुभयो ।

त्यसैले, मलाई विश्वास गरेर पश्चाताप गर्‍यौ भने, तिम्रो पाप क्षमा गरिनेछ र तिमी स्वर्गका राज्यका मानिस हुनेछौ ।

म तिमीहरूलाई माया गर्छु, मेरा बालकहरू !

-तिमीहरूलाई माया गर्ने येशू-



# प्यारो येशू,

येशू, धन्यवाद !

अहिले पनि तपाईंले मलाई प्रेम गरेर मेरो हात समाएर उठ भनेर भन्नुभयो ।

म आशा गर्छु, मेरो सबै परिवारले असल हुनुहुने येशूलाई विश्वास गरेमा कति राम्रो हुने थियो ।

यदि तिनीहरूले येशूलाई विश्वास गरेनन् भने, तिनीहरू कहिल्यै ननिभ्ने आगो भएको नरकमा जानुपर्छ ।

म धेरै त्रसित छु ।

येशू ! आज भोलि धे....रै गर्मी छ । यो कहिले पनि नभएको तापक्रम बढिरहेको छ । जब म बाहिर जान्छु, तातो जमिनले मलाई तल तानिरहे जस्तो हुन्छ । सूर्य मेरो धेरै नजिक भएर मेरो कपाल सबै जलेको जस्तो भइरहेको छ । त्यसैले गर्मी मौसम भन्दा लाखौं गुणा बढि तातो हुने नरकमा कदापि कदापि जान चाहन्नँ ।

येशू ! म तपाईंलाई साँचो रूपमा विश्वास गरेर स्वर्ग जानेछु, म मेरो परिवारलाई फेरि तपाईंको बारेमा बताउनेछु । येशू ! म तपाईंलाई प्रेम गर्छु

-येशूलाई प्रेम गर्ने म-

# येशूसँगको बाइबल कथा